# गलकोट नगरपालिकाको स्थानीय तथ्याङ्क संकलन ऐन २०७७

**प्रस्तावना :** नगरवासीलाई अधिक मात्रामा ठोस हित हुने निति निर्धारण गर्न, आयोजनाहरु तर्जुमा गर्न, सुसाशनको प्रत्याभुती दिन र नगरको आर्थिक गतिविधी बारे यथेष्ट ज्ञान प्राप्त गर्न नगरलाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क संकलन सम्वन्धी सुविधाको व्यवस्था गर्न र तथ्याङ्क संकलन अभिलेखिकरण प्रकाशन र विष्लेषण गर्नको निम्ती आवश्यक कानुनी व्यवस्था गर्न बान्छनिय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम अधिकार प्रयोग गरी गल्कोट नगरपालिकाको नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो ऐनको नाम “गलकोट नगरपालिकाको स्थानिय तथ्याङ्क संकलन ऐन २०७७” रहेको छ ।

ख. यो ऐन नगर सभाबाट पारित भई स्थानिय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागु हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -**

क.“अधिकार प्राप्त कर्मचारी” भन्नाले यो ऐन अन्तरगत संकलन गर्नुपर्ने तथ्याङ्क र खवरको विवरण संकलन गर्न नगरपालिका द्धारा अधिकार दिईएको कर्मचारी सम्झनु पर्छ ।

ख. “सुचित आदेश” भन्नाले नगरपालिकाबाट सुचना प्रकाशन गरी दिईएको आदेश सम्झनु पर्दछ ।

ग. “नगर प्रमुख” भन्नाले गलकोट नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

घ. “उप-प्रमुख” भन्नाले गलकोट नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्दछ ।

ङ. “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले गलकोट नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

च. “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तरगत बनेको नियम, कार्यविधिमा तोकिएको वा तोकिए बमोजिमको व्यवस्थालाई सम्झनु पर्दछ ।

**३. विवरण दाखिला गराउने अधिकार** :- नगरपालिकाले कुनै वर्गको व्यक्तिहरुको भोगचलन वा नियन्त्रणमा रहेको तोकिएको कुरा सम्वन्धी खवर लगत र तथ्याङ्कको तोकिएको ढाँचा

विवरण र तोकिएको समयमा नगरपालिकामा दाखिला गर्न त्यस्तो व्यक्तिलाई आदेश गर्न सक्नेछ ।

**३. तथ्याङ्क संकलन गर्न निर्देशन गर्ने अधिकार** :- नगरपालिकाले यस दफामा लेखिए बमोजिम कुनै कुराको सम्वन्धमा तथ्याङ्क संकलन गर्न निर्देशन दिन सक्नजेछ ।

उपदफा (१) अन्तरगत दिईएको निर्देशनमा देहाय वमोजिम गर्न सकिन्छ :-

क. संकलन गर्नुपर्ने खवरको लगत तोक्ने

ख. यस्तो खवर संकलन गर्न कामको निाित अधिकार प्राप्त कर्मचारी संघ संस्था नियुक्ति वा मनोनित गर्न, तिनिहरुको काम कर्तव्य र अधिकार हरु तोक्ने र त्यस्तो काम कर्तव्य र अधिकारहरु तोक्ने र त्यस्तो काम कर्तव्य अधिकारहरु प्रयोग तथा पालना गर्दा अपनाउनु पर्ने कार्यविधि तोक्ने

ग. संकलन गर्नुपर्ने तथ्याङ्क सुविधाजनक ढंगबाट संकलन गर्नका निमित्त आवश्यक देखिएका वा आकस्मीक सबै कुराहरुको व्यवस्था गर्न सक्ने ।

**४.विवरण दाखिला गराउने सम्वन्धी कर्मचारीको अधिकार** :- तथ्याङ्क संकलनको लागी अधिकार प्राप्त कर्मचारीले कुनै व्यक्ति संघ संस्था सरकारी तथा गैरसरकारी कार्यालय, टोल विकास संस्था, आदिलाई सुचना पठाई तोकिएको कुरा सम्वन्धी तोकिएको खवर, लगत र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा नगरपालिका समक्ष दाखिला गर्न आदेश गर्न सक्छ ।

**५.रेकर्ड जाच्ने अधिकार :-** तथ्याङ्क संकलन गर्ने अधिकार प्राप्त कर्मचारीले तोकिएको कुनै कुराको सम्वन्धमा तथ्याङ्क संकलन गर्ने प्रयोजनका निम्ती दाखिला भएको कुने लगत, विवरण वा खवर साँचो हो वा होईन भन्ने कुराको जाँच देहाय वमोजिम गर्नु पर्नेछ ।

क. कुनै खवर वा विवरण दाखिला गर्नुपर्ने कर्तव्य भएका कुनै व्यक्तिको भोग चलन वा नियन्त्रणमा कुनै घर जग्गामा पुर्व सुचना दिई मनासिव माफिकको समयमा प्रवेश गर्ने ।

ख. भोग चलन वा नियन्त्रणमा रहेका कुनै लिखित वा चिज आफु छेउ पेश गर्ने आदेश दिन र त्यस्तो जाँच गर्न ।

ग. यस ऐन अन्तरगत संकलन गर्नुपर्ने तथ्याङ्क सम्वन्धी कुनै खवर कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिव माफिकको विश्वास भएमा निजसँग कुनै प्रश्नहरु सोध्ने ।

**६.तथ्याङ्कलाई प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गराउनु पर्ने:-** तथ्याङ्क संकलन गर्न स्वीकृत प्रप्त गर्ने व्यक्ति वा संस्थाले तथ्याङ्क संकलन गरी त्यसलाई प्रयोगमा ल्याउन वा

प्रकाशित गर्नु अघि नगरप्रमुखको स्वीकृतीमा प्रशासकिय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।

**७.सजाय** : क) नगरपालिकाको निर्देशन अनुसार कुनै खवर वा विवरण दिनु पर्ने कर्तव्य, भएका कुनै व्यक्तिले देहायको कसुर गरेमा निजलाई त्यस्तो प्रत्येक कसुरको निमित रु २००।- सम्म जरिवाना गर्न सकिनेछ ।

ख. जानिजानि कुनै झुटा खवर वा विवरण दिएमा वा दिलाएमा ।

**८.नियम वनाउने अधिकार :** यस ऐनको उदेश्य कार्यान्वयन गर्न गराउन नगरपालिकाले आवश्यक नियम कार्यविधि निर्माण गर्न सक्नेछ ।

**९.संसोधन** : यस ऐनमा समय सापेक्ष संशोधन गर्न आवश्यक ठानेमा नगरपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१०.वचाउ** : यस ऐनमा राखिएको कुनै पनि व्यवस्था नेपालको संविधान, अन्य प्रपचलित संघिय कानुन तथा प्रादेशिक कानुनसँग वाझिएमा वाझिएको हद सम्म वदर भागी हुनेछ ।

**आज्ञाले**

हरि प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत